# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, वैशाख २८ गते २०३८ साल (अतिरिक्ताङ्क ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्वाचन आयोगको सिफारिशमा राष्ट्रिय पञ्चायत सदस्यको लागि भएको वा हुने निर्वाचनको सम्बन्धमा सोही ऐनको दफा १३ र दफा १४ अन्तर्गतको मुद्दा मामिलाको कारवाई र किनारा गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री धनेन्द्रबहादुर सिंहको निर्वाचन विशेष अदालत गठन गरेको छ।

यस सम्बन्धमा नेपाल राजपत्र भाग ३ मिति २०२४।५।५ खण्ड १७ अतिरिक्ताङ्क २३ र मिति २०२५।३।४ खण्ड १८ संख्या १० मा प्रकाशित गृह पञ्चायत मन्त्रालयको सूचनाद्वारा गठित निर्वाचन विशेष अदालतहरू र मिति ०२८।५।२८ खण्ड २१ अतिरिक्ताङ्क ३३ मा प्रकाशित तत्सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

128